मिति २०८० कार्तिक १९ गते आईतबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन
राष्ट्रिय परिषद्को तेह्रौं बैठकको निर्णयहरु

निर्णय नं. १:-

मिति २०८० कार्तिक १७ गते जाजरकोटको रामिडाँडा केन्द्रविन्दु बनाएर गएको भूकम्पमा परी घाईते भएकाहरुको तत्काल उपचारका लागि आवश्यक औषधि र चिकित्सक सहितको स्वास्थ्योपचार टोली प्रभावित क्षेत्रमा छिटो साधनद्वारा पठाइ सकिएकोमा आवश्यक पर्न सक्ने थप स्वास्थ्य जनशक्ति र औषधि सुर्खेत, नेपालगञ्जमा तयारी अवस्थामा राखे, सघन उपचारको आवश्यकता भएका सबै घाईतेहरुलाई निःशुल्क औषधोपचारको प्रबन्ध स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्ने।

निर्णय नं. २:-

आपतकालिन प्रतिकार्य खोज, उद्धार, औषधोपचार एवं राहत व्यवस्थापन कार्यमा संलग्न सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्ने। बाँकेको नेपालगञ्ज र सुर्खेतलाई मूख्य बेस बनाई सोही स्थानहरुबाट मात्र सम्वन्धित भुकम्प प्रभावित क्षेत्रहरुमा राहत ब्यवस्थापन तथा वितरणको प्रवन्ध मिलाउने। राहत व्यवस्थापन कार्य एकद्वार प्रणालीबाट हुने गरी सबै सरकारी संयन्त्र, गैरसरकारी तथा निजी क्षेत्रसंग समन्वय गर्ने र सम्वन्धित प्रभावित क्षेत्रमा वितरण र परिचालनको व्यवस्था गृह मन्त्रालयले मिलाउने । खोज, उद्धार, औषधोपचार र राहत व्यवस्थापन कार्यमा नेपाली सेनाले हवाई सेवा उपलब्ध गराउने ।

निर्णय नं. ३:-

तत्कालको राहतका लागि स्वीकृत मापदण्ड बमोजिम खर्च गर्ने गरी जाजरकोट र रुकुम पश्चिमको जिल्ला विपद् व्यवस्थापन कोषमा संघको विपद् व्यवस्थापन कोषबाट पाँच/पाँच करोड रुपैंया पठाई सकिएको छ। भूकम्पमा परी मृत्युवरण गरेका व्यक्तिका परिवारलाई स्वीकृत मापदण्ड बमोजिम रू. दुई लाखका दरले राहत रकम तत्काल उपलब्ध गराउने। यसका साथै भूकम्प प्रभावित जिल्लाहरूको आवश्यकताका आधारमा राहत, अस्थायी आवास सहितका तात्कालिक कार्य प्रवन्धका लागि खर्च हुने थप रकमको व्यवस्था गृह मन्त्रालयको समन्वयमा अर्थ मन्त्रालयले मिलाउने।

निर्णय नं. ४:-

राष्ट्रिय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणले राष्ट्रिय योजना आयोग, कर्णाली प्रदेश सरकार र सम्वन्धित स्थानीय तहहरुसंगको समन्वयमा सम्वन्धित क्षेत्रहरुमा भूकम्पबाट भएको क्षतिको लेखाजोखा तथा प्रभाव मूल्याङ्कनका लागि तत्काल आवश्यक जनशक्ति र श्रोतसाधन परिचालन गर्ने । भूकम्पबाट पूर्ण रुपमा क्षति भएका निजी आवास प्रभावितहरुलाई तत्काल अस्थायी आवासको उचित व्यवस्था मिलाई सरकारी तथा सार्वजनिक भवनहरुमा पुगेको क्षतिका

कारण सेवा प्रवाहमा अवरोध हुन नदिई निरन्तर सेवा प्रवाह गर्न सुरक्षित स्थलको व्यवस्था सम्बन्धित विषयगत निकायले मिलाउने।

निर्णय नं. ५:-

नेपालको भूकम्पीय जोखिमको अवस्थालाई दृष्टिगत गरी सुरक्षित पूनर्निर्माण गर्नका लागि विद्यमान ढाँचा (Design) र मापदण्डलाई स्थानीय मौलिकता, सामाजिक सांस्कृतिक विशेषता, स्थानीय शीप, प्रविधि र श्रोतसाधनको उपयोग हुने गरी तीस दिनभित्र तयार गरी भूकम्प प्रतिरोधी निजी आवास र विपद् उत्थानशील संरचना निर्माण एवं भौगर्भिक अवस्था समेतको अध्ययन गरी जोखिम आँकलनका आधारमा भुकम्प प्रभावित क्षेत्रहरुमा एकीकृत वस्ती विकास गर्न आवश्यक गृहकार्यकासाथ शहरी विकास मन्त्रालयले तत्काल कार्य प्रारम्भ गर्ने। बहुप्रकोपीय विपद् जोखिमको सामना गर्न खोज, उद्धार तथा राहत सामग्रीको भण्डारणका लागि आधुनिक गोदामघर (Warehouse) निर्माण तथा क्षमता विकास र सचेतना प्रवर्द्धनलाई ७७ वटै जिल्लाका संरचना तथा आवश्यकता अनुसार स्थानीय तहमा समेत संस्थागत गर्न कानूनी प्रवन्ध गर्ने।

निर्णय नं. ६:-

विपद्को अवस्थामा संवेदनशीलता र जोखिमलाई बिशेष ध्यानमा राखी विपद् पश्चात नागरिकलाई तत्काल राहत र पूनर्निर्माण, पूनर्स्थापना तथा पुनर्लाभका कार्यलाई शीघ्र सम्बोधन गरी राज्यको उपस्थिति र साथको अनुभूति दिलाउनु आवश्यक हुन्छ। यसका लागि विपद्को समयमा अत्यावश्यक सामग्री खरिद प्रक्रिया सरलीकृत गर्न एवं विपद् पश्चातको सुरक्षित र दीगो पूनर्निर्माण, पूनर्स्थापना एवं पुनर्लाभका कार्यलाई शीघ्र सम्पन्न र सम्वोधन गर्न विद्यमान कानूनी प्रावधानलाई समयानुकुल परिमार्जन गर्ने।

निर्णय नं. ७:-

जाजरकोट र रुकुम पश्चिमको भूकम्पमा परी मृत्यु भएका व्यक्तिहरूको आत्माको चीर शान्तिका लागि हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने।

प्रवक्ता
१९ कार्तिक २०८०